चन्द्रकोट गा.पा.भित्रका विद्यालयहरुमा विभिन्न तहमा संचालन गरिने अतिरिक्त सहयोगी कक्षाहरु व्यवस्थित, विश्वसनीय र पारदर्शी वनाई एकरुपता ल्याउनका लागि चन्द्रकोट गाउँ कार्यपालिकाले यो कार्यविधि वनाएको छ।

## अतिरिक्त सहयोगी कक्षा सञ्चालन कार्यविधि - २०७५

क) आन्तरिक तयारी गर्नुपर्ने :

सर्वप्रथम विद्यालयले वि.व्य.स.को परामर्श लिई स्टाफ वैठक वसी आन्तरिक तयारी गर्नुपर्नेछ।

ख) जानकारी गराउनुपर्ने :

प्र.अ.ले कक्षा सञ्चालन गर्ने कक्षाका अभिभावकहरुलाई विद्यालयमा वोलाई कार्यक्रमका वारेमा जानकारी दिने एवं कार्यक्रम अनुमोदन गराउनुपर्ने छ ।

ग) प्रगति विवरण पेश गर्नुपर्ने :

कक्षा लिने शिक्षकले मासिक रुपमा कक्षा सञ्चालनको प्रभावकारिताका वारेमा प्र.अ. लाई प्रगति विवरण पेश गर्नुपर्ने छ।

घ) सहभागि गराउनुपर्ने :

कक्षाका सम्पूर्ण विद्यार्थीहरुलाई कार्यक्रममा समावेश गराउनुपर्ने छ।

ङ) व्यवस्थापन :

यो कार्यक्रमको व्यवस्थापन विद्यालयले गर्नेछ । वित्तीय कारोवार पनि विद्यालय मार्फत नै हुनेछ । यो वर्ष कक्षा ५ र ८ मा piloting का रुपमा सञ्चालन गरिएको यो कार्यक्रम प्रभावकारीताका आधारमा अर्को वर्षदेखि अन्य कक्षाहरुमा पनि विस्तार गर्दै लगिने छ।

च) भुक्तानी :

कक्षा लिने शिक्षकलाई २६ कक्षा वरावर १ महिना मानि प्रा.वि., नि.मा.वि. र मा.वि. लाई न्युनतम प्रति महिना क्रमशः रु. २,०००।-., रु ३,०००।- र रु ४,०००।- का दरले भुक्तानी दिने व्यवस्था मिलाउनुपर्नेछ । तर वढी रकम भुक्तनी दिन यसले वाधा पार्ने छैन ।

छ) सहयोग :

कक्षा सञ्चालनका लागि अभिभावकहरुले आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने छ । सो शुल्क प्रा.वि., नि.मा.वि. र मा.वि.लाई वढीमा प्रति विद्यार्थी प्रति विषय प्रति महिना क्रमशः अधिकतम रु. २००., रु.३०० र रु. ४०० का दरले लिने व्यवस्था मिलाउनुपर्नेछ । सहयोग सम्वन्धि निर्णय अभिभावक सँगको आपसी समझदारिमा लिनुपर्ने छ।

ज) कर्तव्य हने:

विद्यालयले संचालन गरेको सहयोगी कक्षा कार्यक्रममा विद्यालयले कक्षा लिन अनुरोध गरेमा कक्षा लिई सहयोग गर्नु सम्पुर्ण शिक्षकहरुको कर्तव्य हुनेछ।भने कार्यक्रम संचालन गर्नु विद्यालयका प्र.अ. को उत्तिकै कर्तव्य हुनेछ।

झ) अनुगमन : कार्यक्रमको समग्र पक्षको नियमित रुपमा प्र.अ.ले अनुगमन गर्नुपर्नेछ ।

ञ) पिरियड मिलाउनुपर्ने :

दैनिक ४ पिरियडका दरले हुन आउने साप्ताहिक २४ पिरियड मध्ये १२ पिरियड गणित, विज्ञान र अंग्रेजीलाई प्रदान गरी वाकी १२ पिरियड अन्य विषयहरुलाई मिलाउनुपर्ने छ ।

ट) पारदर्शिता : विद्यार्थीवाट उठाइएको रकम शिक्षकलाई पारिश्रमिक प्रदान गरी वचत भएमा विद्यालयको आम्दानिमा जम्मा गर्ने र नपुग भएमा विद्यालयवाट व्यहोर्ने व्यवस्था मिलाउनु पर्ने छ।आम्दानि खर्चको विवरण पारदर्शी रुपमा राख्नुपर्नेछ।

ठ) एउटै नहुने :

विद्यालयले संचालन गर्ने सहयोगी कक्षा र व्यक्तिले संचालन गर्ने टिउसनलाई एउटै रुपमा लिनु हुँदैन।

ड) विद्यार्थी संख्या :

व्यक्तिले ट्युसन पढाउदा ट्युसनको मर्म अनुसार विद्यार्थीको स्तर अनुसारका एक समूहमा वढीमा १५ जना मात्र राखेर पढाउनुपर्ने छ।

ढ शुल्क :

टयुसन पढाउने शिक्षकले प्रति महिना प्रति विषय अधिकतम प्रा.वि. मा. रु. २००।- नि.मा.वि. मा रु. ३००।- र मा.वि.मा रु. ४००।- सम्म लिन पाउनेछन्।

ण) समय अवधि :

टयुसन कक्षाको सञ्चालन अवधि न्युनतम १ घण्टाको हुनुपर्नेछ । र मासिक न्युनतम २६ पिरीयड (१ घण्टा) पढाई भएको हुनुपर्नेछ ।

**प्रमाणिकरण मिति : २०७५/०२/०७**